श्री ५ को सरकार

## भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिमको "गण्डकी अञ्चल कृषि विकास समिति (गठन) आदेश, २०२५" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### गण्डकी अञ्चल कृषि विकास समिति (गठन) आदेश, २०२५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो आदेशको नाम "गण्डकी अञ्चल कृषि विकास समिति (गठन) आदेश, २०२५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो आदेशमा–

(क) "समिति" भन्नाले यो आदेश बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ख) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ।

(ग) "योजना" भन्नाले श्री ५ को सरकारबाट स्विकृत गण्डकी अञ्चल कृषि विकास योजना सम्झनु पर्छ।

३. समितिको गठनः– (१) गण्डकी अञ्चल कृषि विकास समिति (यसपछि समिति भनिएको) नामको एक समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन्:–

| | |
|---|---|
| (क) सचिव, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय | अध्यक्ष |
| (ख) निर्देशक, कृषि प्रसार विभाग | सदस्य |
| (ग) अर्थ मन्त्रालयको प्रतिनिधि | सदस्य |
| (घ) योजना प्रमुख, गण्डकी अञ्चल कृषि विकास योजना | सदस्य |
| (ङ) चिफ एगृकल्चर इकोनोमिष्ट, भू. सु. कृ. तथा खाद्य मन्त्रालय | सदस्य |

(३) समितिको सदस्यहरू मध्ये श्री ५ को सरकारले तोकिदिएको सदस्यले समितिको सचिवको समेत काम गर्नेछ।

(४) समितिको आमन्त्रणमा संघिय जर्मन गणतन्त्रको राजदुतावासका प्रतिनिधि र योजनाका जर्मन दल नेता सल्लाहकारको रूपमा समितिको बैठकमा उपस्थित रहन सक्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट गर्न वा नाममा हेरफेर गर्न सक्नेछ ।

(६) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत पनि दिन सक्नेछ ।

(७) समितिमा अध्यक्ष र सदस्य सचिवका साथै एक जना सदस्य सम्म उपस्थित रहेमा पनि गणपुरक संख्या पुरा भएको मानिने छ ।

४. समितिको काम कर्तव्य र अधिकार:– (१) योजना गण्डकी अञ्चलमा कार्यान्वित गर्न यस समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको योजना कार्यान्वित गर्दा समितिले निम्न लेखिए-बमोजिमको कामहरू गर्न सक्नेछ ।

(क) श्री ५ को सरकार र संघीय जर्मन गणतन्त्र सरकारको बिच १९६८ मार्च १७ मा गण्डकी अञ्चलमा कृषि विकास योजना सञ्चालन गर्न गएको सम्झौता बमोजिमको काम गर्ने ।

(ख) योजनाको नीति निर्धारित गर्ने र योजना कार्यान्वित गर्ने कुरामा पुरा रेखदेख गर्ने ।

(ग) योजना सन्तोषप्रद तरिकाले किफायत साथ सिघ्र कार्यान्वित गर्ने गराउन प्रशासकीय र आर्थिक नियमहरू बनाउने ।

(घ) आवश्यक भए घर जग्गा जमीन किन्ने वा बहालमा लिने वा दिने ।

(ङ) योजना सफलता पूर्वक कार्यान्वित गर्न श्री ५ को सरकारबाट निर्धारित पेस्केलको आधारमा आवश्यक दरबन्दी कायम गर्ने । लोकसेवा आयोग-को सिद्धान्त अनुसार कर्मचारी भर्ना गर्ने र नेपाल अधिराज्यमा उपयुक्त कर्मचारीहरू नपाइएमा निर्धारित समय सम्मको लागि मित्र राष्ट्रहरू-बाट झिकाउने प्रबन्ध गर्ने र

(च) योजना सञ्चालन गर्न मालसामान मगाउने ।

५. समितिको कोष:– यस समितिको कोषमा संघीय जर्मन गणतन्त्र सरकार र श्री ५ को सरकारबाट कृषि विकासको लागि प्राप्त सहायता रकम रहनेछ र कोषको सञ्चालन समितिले तोकेबमोजिम गरिनेछ ।

६. समितिका हिसाब किताब:– समितिको हिसाब किताब समितिले तोकेबमोजिम रहनेछ ।

७. लेखापरिक्षण:– (१) श्री ५ को सरकारबाट मुकरर भएको अधिकृतले समितिको हिसाब किताब जांच गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न सकिनेछ ।

८. समितिको ठेक्का पट्टाः– समितिको निर्देशानुसार समितिका तर्फबाट ठेक्का पट्टा सम्बन्धी सबै काम सचिवले गर्नेछ र त्यसरी गरिएको ठेक्का पट्टा समितिले गरेको मानिनेछ ।

९. समितिको आदेश र निर्णय प्रमाणित गर्नेः– समितिको तर्फबाट गरिने सबै पत्र व्यवहार तथा समितिको निर्णय आदेश र अरू कार्यहरू सचिवद्वारा प्रमाणित गरिनेछ ।

१०. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।